
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५


❑ वर्ष २५ ❑ अङ्क २५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज ८ गते मंगलबार ❑ 24 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## दिगो विकास लक्ष्य पूरा गर्न वित्तीय स्रोत परिचालन चुनौतीपूर्ण : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ७ असोज

प्रधानमन्त्री केपी शर्मा ओलीले अतिकम विकसित मुलुकहरूलाई दिगो विकासका लक्ष्य प्राप्त गर्न वार्षिक कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को ४० प्रतिशत खर्च गर्नुपर्ने अवस्था रहेकाले वित्तीय स्रोत व्यवस्थापन चुनौतीपूर्ण बनेको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभाअन्तर्गत संयुक्त राज्य अमेरिकाको न्युयोर्कस्थित मुख्यालयमा आयोजित 'समिट अफ द फ्युचर'को सहअध्यक्षता गर्नुहुँदै प्रधानमन्त्री ओलीले बहुपक्षीय विकास साझेदार र विकसित मुलुकहरूले उपलब्ध गराउने भनिएको वित्तीय स्रोत परिचालनका लागि आग्रह गर्नुभयो । "दिगो विकासका लक्ष्य पूरा गर्न अल्प विकसित देशहरूलाई ठूलो स्रोतको आवश्यक पर्छ, अहिले मात्रै चार अर्ब ३० करोड अमेरिकी डलरको वित्तीय खाडल छ र यो निरन्तर बढिरहेको छ", उहाँले भन्नुभयो ।



उहाँले कोभिड-१९ को दीर्घकालीन प्रभाव, बढ्दो द्वन्द्व र जलवायु परिवर्तनलगायतका सङ्कटले दिगो विकासतर्फको प्रगतिलाई गम्भीर रूपमा असर पारेको उल्लेख गर्नुभयो । यसले विश्वमा गरिबी, भोकमरी र असमानता बढाइरहेको उहाँको भनाइ थियो । प्रधानमन्त्री ओलीले विकासोन्मुख राष्ट्र, अल्पविकसित देश, साना टापुजस्ता विशेष अवस्थाका देशले विकसित देशको तुलनामा बढी जोखिम भोग्नु परिरहेको उल्लेख गर्दै अहिले प्राप्त नतिजा निराशाजनक रहेको बताउनुभयो । असमान व्यापार प्रणाली, बाह्य ऋणको उच्च ब्याजदर र बढ्दो सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीको भारले विकासशील देशहरूको वित्तीय स्थायित्व र आर्थिक क्षेत्रलाई सङ्कुचित गरेको उहाँको भनाइ थियो ।

दशकौं अघि तयार पारिएको विश्व वित्तीय प्रणालीले गरिबी, जलवायु परिवर्तन र असमानताजस्ता वर्तमानमा देखिएका समस्यालाई सम्बोधन गर्न नसकेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले विश्वको वर्तमान आर्थिक प्रणालीले पछि परेका देशहरूको बढ्दो आवश्यकताहरू र विशेष चुनौतीहरूको सामना गर्न कठिन भइरहेको बताउनुभयो । उहाँले अन्तर्राष्ट्रिय सहयोग कि त स्थिर रहेको वा घटिरहेको अवस्था उल्लेख गर्दै अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनुभयो । "डिजिटल डिभाइड बढ्दो छ, अधिकांश देशलाई अर्थतन्त्रको रुपान्तरणका लागि डिजिटल प्रविधिको सदुपयोग गर्न सङ्घर्ष गर्नुपरिरहेको छ", उहाँले भन्नुभयो, "यस सन्दर्भमा हाम्रो दृष्टिकोण, प्राथमिकता र हामीले गरिरहेका काममा हामी कहाँ चुक्यौ भन्ने प्रश्न उठेको छ ।" विकाससम्बन्धी साझा आकाङ्क्षामा र बहुपक्षीय सहयोगलाई अझ सुदृढ पार्ने प्रयासमा अपेक्षाकृत परिणाम प्राप्त नहुनुका व्यवहारिक कारण खोजिनुपर्ने आवश्यकता पनि उहाँले औँल्याउनुभयो ।

"विश्वव्यापी सङ्कट र चुनौतीहरूको सामना गर्नका लागि बहुपक्षीय सहयोग तथा साझेदारीलाई कसरी थप सुदृढ पार्न सकिन्छ भनेर हामी यहाँ भेला भएका छौँ । हामीले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य प्राप्त गर्नका लागि सामूहिक प्रयास थाल्नुपर्छ", प्रधानमन्त्रीले भन्नुभयो । यसका लागि वित्तीय खाडल प्रमुख चुनौती बनेको उहाँको भनाइ थियो । उहाँले विकास साझेदारहरूलाई विकासशील देशका लागि कुल राष्ट्रिय आम्दानी (जीएनआई) को शून्य दशमलव सात प्रतिशत र अतिकम विकसित मुलुकका लागि शून्य दशमलव दुई प्रतिशत रकम विकास सहायता परिचालनमा खर्च गर्ने प्रतिबद्धताका पूरा गर्नका लागि आह्वान समेत गर्नुभयो ।

दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि एकीकृत योजना (एसडीजी स्टिमुलस) लागू गर्न, अवैध वित्तीय कारोबार नियन्त्रण गर्न, आन्तरिक स्रोत परिचालनको क्षमता अभिवृद्धि गर्न, सार्वजनिक-निजी साझेदारीलाई सदुपयोग गर्न, समिश्रित वित्तपोषण (ब्लेन्डेड फाइनान्सिङ), हरित बन्ड, र अन्य दिगो वित्तीय उपकरणहरू जस्ता अन्य नवीन वित्तीय उपायहरूको प्रयोगका लागि पनि उहाँले आग्रह गर्नुभयो । प्रधानमन्त्री ओलीले अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई समावेशी, पारदर्शी, र जवाफदेही बनाउन उनीहरूको संरचनामा सुधार आवश्यक रहेकोमा जोड दिनुभयो । "निर्णय प्रक्रियामा विकासशील देशहरूले आफ्नो बलियो आवाज र प्रतिनिधित्व पाउनुपर्छ । जसबाट विकासशील देशहरूको विशेष आवश्यकतालाई थप प्रभावकारी रूपमा पूर्ति गर्न र विश्वव्यापी सङ्कटहरूको सामना गर्न सघाउनेछ", उहाँले भन्नुभयो ।

अल्पविकसित र विकासशील देशहरूका लागि सार्वजनिक ऋणसम्बन्धी व्यवस्थामा परिमार्जन गरी तत्काल राहतका कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सार्वजनिक ऋण बढी भएका देशका लागि दीर्घकालीन ऋण पुनःसंरचना गर्ने र सार्वजनिक ऋणका क्षेत्रमा देखिएका समस्या समाधानका लागि निष्पक्ष र पारदर्शी संयन्त्र स्थापना गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।

"प्रविधिका माध्यमबाट हामीले सामना गरिरहेका विविध चुनौतीहरूलाई सम्बोधन गर्न सकिन्छ । यसका लागि, डिजिटल डिभाइड कम गर्न र दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग बढाउन म आग्रह गर्दछु", उहाँले भन्नुभयो । कम आय भएका देशहरूलाई भरपर्दो डिजिटल कनेक्टिभिटीमा पहुँच, बलियो डिजिटल पूर्वाधार, कनेक्टिभिटी लागत घटाउने, र विश्वव्यापी डिजिटल सञ्जालमा पहुँच प्रदान गर्न जोड दिनुपर्ने उहाँले उल्लेख गर्नुभयो । "संयुक्त राष्ट्र सङ्घ र विकास साझेदारले कम आय भएका देशहरूको प्रविधि हस्तान्तरण र क्षमता निर्माणमा थप प्रयास गर्नुपर्छ ताकि सबैको लागि डिजिटल भविष्य सुनिश्चित गर्न सकियोस्", उहाँले भन्नुभयो । प्रधानमन्त्री ओलीले जलवायु परिवर्तनसँग लड्ने प्रतिबद्धता पूरा गर्न स्मरण गराउँदै जलवायु अनुकूलन र न्यूनीकरण कोषहरू बढाउन आग्रह गर्नुभयो । यसले जलवायु परिवर्तनको असमान प्रभावहरूलाई सम्बोधन गर्न मद्दत पुऱ्याउनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो ।

## पोखरामा रविको पक्षमा र विपक्षा नाराबाजी

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

पोखरामा रवि लामिछानेको पक्षमा तथा उहाँको विपक्षमा छुट्टा छुट्टै बिरोध प्रर्दशन भएको छ ।

एक समुहले रवि लामिछानेलाई पक्राउ गर्न लागिएको भन्दै बिरोध गर्नु भएको छ भने अर्को समुहले रविले सहकारीको रकम हिनामिना गरेकोले तत्काल पक्राउ गरी कार्वाहि गर्न माग गर्दै नारा बाजी गर्नुभएको थियो ।





राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता-कार्यकर्ताले पोखरामा विरोध प्रदर्शन गर्दा पोखरा शहिद चोक क्षेत्रमै सहकारीका पिडिहरुले सहकारीको रकमहिनामिन गर्ने रविलाई पनि पक्राउ गरी आवश्यक कार्वाही गर्न माग गर्नु भएको हो । राजनीतिक पूर्वाग्रह राखेर रविलाई फसाउन खोजिएको दाबी गर्दै रविका पक्षधरहरुले भ्रष्टचारी वाई वाई रवि दाई हाई हाई भन्दै नारा लगाउनु भएको थियो । रास्वपा गण्डकी प्रदेश सभापति राजन गौतमको आह्वानमा पोखराको शहीद चोकमा नेता-कार्यकर्ताहरू भेला भएर प्रदर्शन गर्नु भएको थियो । प्रदर्शनमा सहभागीहरूले सहकारी पीडितको पक्षमा र सरकारको विरोधमा लेखिएका नारा सहितका प्लेकार्ड प्रर्दशन गर्नु भएको थियो ।

सहकारीको रकम अपचलन सम्बन्धी संसदीय विशेष छानबिन समितिले गोरखा मिडिया प्रालिमा अनियमित तवरबाट विभिन्न सहकारीबाट ६५ करोड लगानी भएको निष्कर्ष निकालेको थियो। समितिले गोरखा मिडियाका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने, अध्यक्ष जीबी राई, सञ्चालक कुमार रम्तेल र सदस्य छविलाल जोशीलाई कारबाही सिफारिस समेत गरेको थियो । जोशीलाई भने प्रहरीले फक्राउ परेलगतै रविले आफू पनि पक्राउ पर्न सक्ने भन्दै कार्यकर्तालाई अलर्ट हुन आव्हान गर्नु भएको थियो । जोशीलाई जिल्ला अदालतले ५ दिन म्याद थप गरेको छ ।

सहकारीको रकम ठगी आरोपमा गोर्खा मिडिया नेटवर्क प्रालिका तत्कालीन सञ्चालक एवं नेपाल प्रहरीका पूर्वनायब महानिरीक्षक डीआईजी जोशी पक्राउ पर्नु भएको हो । पोखराको सूर्यदर्शन सहकारीको बचत ठगीको अनुसन्धानका लागि जोशीलाई प्रहरीले काठमाडौंबाट नियन्त्रणमा लिएर पोखरा ल्याएको हो । सहकारीका पिडितहरुले सहकारी रकम हिनामिना गर्ने रवि सहितका नेता कार्यकर्तालाई कडा कार्वाहि गर्न माग गर्दै जनताको पैसाले पार्टीका नेता कार्यकर्ता पाल्न पाइदैन, जनताको रकम हिनामिना गर्नेलाई कार्वाही गरे, बचतकर्ताको रकम फिर्ता गर लगायतका नारा सहकारी पिडितहरुले लगाउनु भएको थियो ।

## साफ च्याम्पियनसिप फुटबलमा नेपालद्वारा श्रीलंका पराजित

**रासस**
काठमाडौं, ७ असोज

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-१७ च्याम्पियनसिप पुरुष फुटबल प्रतियोगितामा नेपालले श्रीलङ्कालाई पराजित गर्दै विजयी भएको छ ।

भुटानको चाङ्लिमिथाङ रंगशालामा सोमबार भएको खेलमा नेपालले श्रीलङ्कालाई ४-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । जितसँगै समूह 'बी' मा रहेको नेपालले दुई खेलमा तीन अङ्क जोडेको छ । नेपाल पहिलो खेलमा पाकिस्तानसँग १-० गोलअन्तरले पराजित भएको थियो । यता दुवै खेलमा पराजित श्रीलङ्का अङ्कविहिन छ । श्रीलङ्का पहिलो खेलमा घरेलु

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जोशीलाई अनुसन्धानका लागि पाँच दिन म्याद थप

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

सूर्यदर्शन ऋण तथा बचत सहकारी ठगीको कसुरमा आइतबार पक्राउ पर्नुभएका पूर्वप्रहरी नायव महानिरीक्षक छविलाल जोशीलाई पाँच दिन प्रहरी हिर



ासतमा राखेर अनुसन्धान गर्न म्याद थप गरिएको छ। जोशीलाई कास्की जिल्ला अदालतको इजलासले अनुसन्धानका लागि सोमबार पाँच दिन म्याद थप गरेको सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिनुभयो।

काठमाडौँबाट पक्राउ पर्नुभएका जोशीलाई आइतबार नै पोखरा ल्याइएको र सोमबारअदालतमा उपस्थित गराइएको थियो । जोशीलाई अदालतमा उपस्थित गराउँदा सहकारी पीडित पनि अदालत परिसर पुगेका थिए । त्यसअघि पीडितले जिल्ला प्रशासन कार्यालय अगाडि नाराबाजीसहित प्रदर्शन गरेका थिए।

## भाषा, साहित्यको विकासमा राष्ट्रकवि घिमिरेको योगदान अतुलनीय : राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, ७ असोज

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली भाषा, साहित्यको विकासमा राष्ट्रकवि माधवप्रसाद घिमिरेको योगदान अतुलनीय रहेको बताउनुभएको छ ।

राष्ट्रकवि माधवप्रसाद घिमिरेको एक सय ५औँ जन्मजयन्तीमा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानद्वारा सोमबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले राष्ट्रकवि घिमिरेको योगदानको चर्चा गर्नुभएको हो । "राष्ट्रकवि घिमिरेका साहित्यिक सृजना हाम्रै पाखापखेराकानेपाली जनजीवनका भोगाई, प्रकृति, संस्कृति र मानवीय संवेदनामात्र नभई राष्ट्रिय भावनाले ओतप्रोत भएको पाइन्छ, यसले भाषा, साहित्य मात्र नभएर समग्र वाङ्मयको क्षेत्रलाई समृद्ध बनाउन र हाम्रो राष्ट्रिय स्वाभिमानको भावना अभिवृद्धि गर्न योगदान दिएको छ", राष्ट्रपति पौडेलले भन्नुभयो । कला, भाषा, साहित्य र संस्कृति सभ्य तथा सुसंस्कृत समाजको परिचायक भएको धारणा उहाँले व्यक्त गर्नुभयो । "यसैका माध्यमबाट एउटा समृद्ध समाज निर्माण मात्र होइन आपसमा भाइचारा, मेलमिलाप र राष्ट्रिय एकताको भावना जागृत गरी यसलाई सुदृढ र सबल बनाउन योगदान पुग्दछ भन्ने मलाई लाग्दछ, त्यसैले, राज्यले मात्र होइन जनस्तर र वाङमयप्रेमीले स्रष्टाको सम्मानमा कन्जुस्याँइ गर्न हुँदैन," उहाँले भन्नुभयो । भाषिक तथा सांस्कृतिक बहुलता एवम् भौगोलिक विविधताले युक्त हाम्रो देशको गौरव, पहिचान भनेकै हाम्रा भाषा, साहित्य, संस्कृति भएको उहाँले बताउनुभयो । "यिनको संरक्षण, सम्वर्द्धन र विकास गर्नु हामी सबैको कर्तव्य हो", राष्ट्रपति पौडेलले भन्नुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेशस्तरीय अण्डर-१९ क्रिकेट पोखरामा सुरु

पोखरापत्र संवाददाता
पोखरा, ७ असोज

गण्डकी प्रादेशिक क्रिकेट सङ्घको आयोजनामा पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सोमबारदेखि गण्डकी प्रदेशस्तरीय वाइ वाई अण्डर -१९ एक दिवसीय पुरुष क्रिकेट छनोट प्रतियोगिता सुरु भएको छ।

'राष्ट्रिय गरिमा र सामाजिक रुपान्तरणका लागि खेलकुद'को नारासहित यही असोज १३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा गण्डकी प्रदेशका छ जिल्लाको सहभागिता छ । प्रतियोगिताको समुह 'ए'मा कास्की, पर्वत र तनहुँ र समुह 'बी'मा नवलपुर, स्याङजा र बाग्लुङ रहेका छन् । उद्घाटन खेलमा घरेलु टोली कास्की र पर्वतकाबीच खेल सञ्चालन भएको छ।

प्रतियोगितामा बिजेता टिमले ट्रफी तथा मेडल प्राप्त गर्ने गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो । उहाँका अनुसार प्रतियोगिताबाट आगामी कात्तिक १ गतेदेखि कोशी प्रदेशमा सञ्चालन हुने यू-१९ राष्ट्रिय क्रिकेटका लागि गण्डकीको टिमका खेलाडी छनोट गरिने।

प्रतियोगिता उद्घाटन गर्दै गण्डकी प्रदशेसभा सदस्य प्रकाश बरालले क्रिकेट खेलाडीले नेपालको नाम अन्तर ाष्ट्रियस्तरमाचिनाउनसफलभएको बताउनुभयो। उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका क्षमतावान् क्रिकेट खेलाडी उत्पादनका लागि प्रतियोगिताले सघाउन पुग्ने बताउनुभयो । बरालले भन्नुभयो, "प्रतियोगिताले युवा खेलाडी उत्पादनसँगै व्यावसायिक खेलाडी उत्पादनमा सघाउ पुग्नेछ। राष्ट्रिय गौरव जज्वलमान बनाउन क्रिकेटको महत्वपूर्ण योगदान रहेको छ ।" गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले पछिल्लो समय गण्डकीको क्रिकेटले फड्को मार्दै गएको बताउनुभयो । छनोट प्रतियोगिता 'रोड टु वर्ल्ड कप'को रूपमा खेलाडीहरूले ग्रहण गर्नुपर्ने बताउनुभयो।

"नेपाली क्रिकेटको जग बलियो बनाउन उमेर समुहका प्रतियोगिताहरू महत्वपूर्ण छन् । खेलाडीले आफ्नो खेल प्रदर्शनलाई उच्च बनाउन बनाउँदै प्रादेशिक तथा राष्ट्रिय टोलीमा छनोटमा पर्ने गरी मेहनत गर्नु आवश्यक छ।"

खेलमा टस जितेर ब्याटिङ रोजेको पर्वतले २८ ओभरको पाचौँ बलमा सबै विकेट गुमाएर ६८ रनमात्र बनायो । जितका लागि ६९ रनको लक्ष्य पछ्याएको कास्कीले १२ ओभरको पाँचौँ बलमा दुई विकेट गुमाउँदै लक्ष्य पूरा गर्न सफल भयो।

पर्वतका लागि किरण पौडेलले सर्वाधिक २९ रन बनाउँदा ओपनर 'ब्याट्सम्यान' सन्देश खड्का र अभिराज पटेलले समान ११ रनको योगदान दिनुभयो । 'प्लेयर अफ दी म्याच'समेत घोषित कास्कीका नितेश गिरीले घातक बलिङ गर्दै नौ ओभरमा छ मेडन राख्दै १० रन खर्चिएर तीन विकेट लिनुभयो। विमोचन सापकोटाले सात बलिङमा २७ रन दिएर तीन विकेट लिनुभयो।

कास्कीका शक्ति कुंवरले ३३ बलमा नटआउट रहँदै २३ रन बनाउनुभयो। सिव्रिन श्रेष्ठले सात तथा रोहित चन्दले ११ रन बनाउनुभयो । 'राष्ट्रिय गरिमा र सामाजिक रुपान्तरणका लागि खेलकुद'को नारासहित आगामी असोज १३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा गण्डकी प्रदेशका छ जिल्लाको सहभागिता रहेको छ। प्रतियोगितामा विजेता टिमले ट्रफी तथा मेडल प्राप्त गर्ने गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो।

उहाँका अनुसार प्रतियोगिताबाट आगामी कात्तिक १ गतेदेखि कोशी प्रदेशमा सञ्चालन हुने यू-१९ राष्ट्रिय क्रिकेटका लागि गण्डकीको टिमका खेलाडी छनोट गरिने छ। प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेशसभा सदस्य प्रकाश बरालले गर्नुभएको थियो।



राष्ट्रिय परिचयपत्र लिनेको भीडः कास्की जिल्लाको रूपा गाउँपालिका-६ स्थित वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र लिने स्थानीयको भीड। तस्बिरः हरिप्रसाद बास्तोला/रासस

# ५१औँ थाक खेलकुद प्रतियोगिताको उपाधि लेते र टुकुचेलाई

पोखरापत्र संवाददाता
मुस्ताङ, ७ असोज

५१औँ थाक खेलकुद प्रतियोगिताको उपाधि निर्मल स्पोटिङ लेते र निलगिरि युवा क्लव टुकुचेले जितेका छन्।

मुस्ताङको घरपझोङ गाउँपालिका-२ मार्फामा सोमबार सम्पन्न भलिबल खेलको फाइनलमा पुरुषतर्फ लेते र महिलातर्फ टुकुचे बिजयी भएका हुन् । पुरुषतर्फ अन्नपूर्ण युवा क्लव ताक्लुङलाई एकका विरुद्ध तीन सेटले पराजित गर्दै लेतेले उपाधि चुमेको आयोजक थाक खेलकुद तथा सांस्कृतिक विकास संस्थाका अध्यक्ष कृष्णकुमार शेरचनले बताउनुभयो। महिलातर्फ राष्ट्रिय टिमकी प्रतिभा माली, सलिना श्रेष्ठलगायतका खेलाडीलाई मैदानमा उतारेको निलगिरिले मार्फाको मिलीजुली युवा क्लवलाई सोझो तीन सेटमा पराजित गरेको थियो। लिग सिस्टम र वेष्ट अफ फाइचमा खेलाइएको प्रतियोगिताको पुरुषतर्फ छ र महिलातर्फ तीन टिमले सहभागिता जनाएका थिए।

आर्चरी प्रतियोगितामा धौलागिरी युवा क्लब कोवाङ प्रथम र निर्मल स्पोटिङ लेते दोस्रो भएका छन् । पुरुष भलिबलमा बिजेता र उपबिजेतालाई शिल्ड, मेडल र प्रमाणपत्रसहित नगद रु एक लाख ५० हजार र रु एक लाख पुरस्कार प्रदान गरिएसको छ। महिला भलिबलको बिजेता र उपबिजेताले शिल्ड, मेडल र प्रमाणपत्रसहित रु एक लाख र ५० हजार नगद पुरस्कार प्राप्त गरेका छन् । आर्चरीमा बिजेतालाई रु ५० हजार र उपबिजेतालाई रु २५ हजार प्रदान गरिएको छ।

पचास वर्षदेखि घरपझोङ र थासाङ गाउँपालिकाको फरक फरक गाउँमा हरेक वर्ष सञ्चालन हुने थाक खेलकुदको ऐतिहासिक र सांस्कृतिक महत्त्व छ । सो अवसरमा कृषि मेला प्रर्दशनीका साथै लोक नृत्य र थकाली गीत प्रतियोगिता पनि भएको थियो। प्रतियोगिता तीन दिनसम्म सञ्चालन भएको थियो।

# गण्डकी प्रदेशसभाको पुस्तकालय प्रयोगविहीन

पोखरापत्र संवाददाता
पोखरा, ७ असोज





कर्मचारी अभावमा गण्डकी प्रदेशसभा सचिवालयअन्तर्गत रहेको पुस्तकालय नियमित सञ्चालन हुनसकेको छैन।

अधिकांश समय पुस्तकालय बन्द रहँदा प्रदेशसभा सदस्यलगायत पाठक अध्ययनका लागि पुस्तकालय जान पाएका छैनन्। पुस्तकालयमा दुई सय दुई जना सदस्य रहे पनि अहिलेसम्म जम्मा आठ जनाले पुस्तक लेनदेन गरेको सचिवालयका कम्प्युटर अधिकृत चन्द्रकला बस्नेतले जानकारी दिनुभयो।

उहाँका अनुसार पुस्तक घरमा लगेर पढ्नेमा दुई जना प्रदेशसभा सदस्य र केही मन्त्रीको सचिवालयका कर्मचारी छन् । पुस्तकालयका सदस्यले एक महिनासम्म घरमा लगेर पुस्तक पढ्न पाउने व्यवस्था छ। "एकपटकमा एउटा मात्र पुस्तक लैजान पाइन्छ, एक महिना पूरा भएपछि पुस्तकालयमा फिर्ता गर्नुपर्छ", उहाँले भन्नुभयो, "कर्मचारी अभावका कारण पुस्तकालय सेवा प्रभावकारी बन्न सकेको छैन।" उहाँले पुस्तकालय व्यवस्थापन र सञ्चालनका लागि पुस्तकाध्यक्षको प्रबन्ध गर्नुपर्ने बताउनुभयो। पुस्तकालय नियमित खोलेर बस्ने कर्मचारी नभएका कारण पुस्तकालय सधैँजसो बन्द रहने गरेको उहाँको भनाइ छ। पुस्तकालयमा कानुनलगायत विभिन्न विधाका गरी एक हजार छ सय ९८ पुस्तक छन्। महत्त्वपूर्ण स्रोत पुस्तक पनि पुस्तकालयमा सङ्ग्रहित छन्। कानुन निर्माणको जिम्मेवारी लिएका प्रदेशसभा सदस्यलाई लक्षित गरी स्थापना गरिएको उक्त पुस्तकालयबारे कतिपय प्रदेशसभा सदस्य नै अनविज्ञ रहेको पाइएको छ।

पठन संस्कृतिको कमीका कारण पनि पुस्तकालयप्रति अरुचि बढेको हुनसक्ने प्रदेशसभा सदस्य डिल्लीराम सुवेदीले बताउनुभयो । उहाँले प्रदेशसभा सचिवालयले पुस्तकालयलाई आवश्यक पर्ने कर्मचारीको व्यवस्था मिलाउनुपर्ने बताउनुभयो। "व्यवस्थित पुस्तकालय त बनेको छ, तर सदुपयोग हुनसकेको छैन", उहाँले भन्नुभयो, "प्रदेशसभा सदस्यले पनि पुस्तक अध्ययन गर्ने बानी बसाल्नु आवश्यक छ, यसमा हाम्रो पनि जिम्मेवारी रहन्छ।" विषयगत पुस्तक अध्ययनले प्रदेशसभा सदस्यको बौद्धिक क्षमता वृद्धि हुने र प्रदेशसभामा खेल्ने भूमिका पनि सशक्त बन्ने उहाँको बुझाइ छ।

प्रदेशसभा सदस्य सुवेदीले आफूले विषयगत समितिको बैठकमा पुस्तकालयलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्ने विषय उठाउँदै आए पनि सचिवालयबाट सो कुरा कार्यान्वयन हुन नसकेको बताउनुभयो। करिब रु २० लाख खर्चेर बनाइएको उक्त पुस्तकालयमा विद्युतीय पुस्तकालय पनि रहेको छ।

विद्युतीय पुस्तकालयप्रति पनि कसैले चासो नदिएको प्रदेशसभा सचिवालयले जनाएको छ । विसं २०७९ माघमा तत्कालीन मुख्यमन्त्री खगराज अधिकारीले उक्त पुस्तकालयको उद्घाटन गर्नुभएको थियो। प्रदेश स्थापनाको पाँचौँ वार्षिकोत्सवको अवसर पारेर प्रदेशसभा भवन परिसरमा पुस्तकालय स्थापना गरिएको थियो।

# तनहुँका गुरुङद्वारा मनास्लु हिमालको सफल आरोहण

पोखरापत्र संवाददाता
दमौली, ७ असोज

तनहुँको आँबुखैरेनी गाउँपालिका-२ निवासी पर्वतारोही प्रकाश गुरुङले मनास्लु हिमालको सफल आरोहण गर्नुभएको छ।

गुरुङले मनास्लु वेसक्याम्पबाट १३ दिनको अवधिमा हिमालको सफल आरोहण गर्नुभएको हो । भदौ १४ गते काठमाडौँबाट पैदलयात्रा गरी २२ गते वेसक्याम्प पुग्नुभएका गुरुङले गत शुक्रबार मनास्लु हिमालको आरोहण पूरा गर्नुभएको हो । आफूसँगै एक अमेरिकी पर्यटकले समेत हिमालको आरोहण गरेको गुरुङले राससलाई जानकारी दिनुभयो । "सबै प्रतिकूलतालाई सामना गर्दै कठोर मौसमका बाबजुद पनि हामी मनास्लुको शिखरमा पुग्न सफल भयौँ," उहाँले खुसी साट्दै भन्नुभयो, "हावा भीषण चलेको थियो, चिसो ज्यादै थियो तर हाम्रो दृढ सङ्कल्पले हामीलाई शिखरमा पुऱ्यायो ।" विश्वको आठौँ अग्लो हिमाल मनास्लुको उचाइ आठ हजार एक सय ५६ मिटर छ। गुरुङले सगरमाथाको दुईपटक सफल आरोहण गर्नुभएको छ । विसं २०८० जेठ ११ र विसं २०८१ जेठ ७ गते उहाँले सगरमाथा आरोहण गरिसक्नुभएको छ। सन् २०१४ देखि पर्यटन व्यवसायमा आवद्ध गुरुङले सन् २०१५ मा पर्वतारोहणसम्बन्धी प्रशिक्षण लिएपछि यो व्यवसायमा लाग्नुभएको हो । गुरुङले यसअघि लघुचे, मिरा हिमाल, मनास्लु हिमाल सफल आरोहण गरिसक्नुभएको छ । पर्वतारोहण गाइडमा सुरुका दिनमा शेर्पाहरुको बर्चस्व रहँदा पनि सङ्घर्ष गर्दै अगाडि बढेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "पर्यटनमार्फत् नेपाललाई विश्वमा चिनाउने अभियानमा छु ।" गुरुङले गत वर्षको पुस महिनामा छ हजार सात सय ५९ मिटरमा अवस्थित खुम्जुङ्गार हिमालको सफल आरोहण गर्नुभएको थियो । अपर मुस्ताङमा अवस्थित उक्त हिमालमा चिसो मौसममा हालसम्म आरोहण गरिएको थिएन।

## साफ ...

टोली भुटानसँग ५-१ ले पराजित भएको थियो। सोमबार नेपालको जितमा सुजन डङ्गोलले ह्याट्रिक पूरा गरे भने विज्ञान खड्काले एक गोल थपे। खेलको चार मिनेटमा सुजनको गोलमार्फत नेपालले पहिलो अग्रता लिएको थियो।

त्यसपछि खेलको १२ औँ मिनेटमा सुजनले गोल गर्दै आफनो टोलीको अग्रता दोब्बर बनाए । सुजनले खेलको ३० औँ मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे । त्यसपछि खेलको ८४औँ मिनेटमा विज्ञानले गोल गर्दै नेपाललाई ४-० को सहज जित दिलाए। नेपालले आफनो तेस्रो खेल आयोजक भुटानसँग यही असोज ९ गते खेल्नेछ।

## विषादीको प्रयोगबाट बचौं र बचाओं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौ,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म बिक्री वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ, त्यसैले विषादीको प्रयोगमा सचेत बनौ


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

- शरिरको एक हर नचल्ने ।
- मुख बाङ्गो भएको ।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जनताले लेख्ने उपन्यास नै इतिहास हो । – एल्फ्रेड डे

## सम्पादकीय

# सेवा प्रवाहमा सुधारको खाँचो

सरकारले सेवाग्राहीको बढी भीडभाड र चाप हुने सरकारी कार्यालयहरुको एक महिनाभित्रै संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने भएको छ। सरकारले जनतालाई सुशासनको अनुभूति दिलाउन सेवाप्रवाहमा सुधार ल्याउन खोजेको छ। स्थायी सरकारको रुपमा चिनिने निजामती कर्मचारीले नै नागरिकलाई दिने सेवामा सुधार नदेखाएपछि जुन सरकार आएपनि उस्तै भन्ने गरिएको छाप्रधानमन्त्री केपी शर्मा ओलीले मुख्यसचिव एकनारायण अर्यालसंग करार संझौता गरेका छन । सेवाग्राहीलाई सरल र सहजरूपमा सेवा प्रवाह गर्न जनशक्ति आवश्यक हुन्छात्यसको व्यवस्थापन राम्रो भए मात्र सेवामा सुधार आउँछ। मुख्यसचिवले सबै सचिवहरुको राय बुझेर कामलाई अघि बढाउन खोजेका छन।जुन अहिलेको लागि आवश्यक हो।

सोमबार सिंहदरबारमा मुख्यसचिव एकनारायण अर्यालको अध्यक्षतमा बसेको नेपाल सरकारको सचिव बैठकले प्रत्यक्ष रुपमा सेवा दिने कार्यालयहरुमा कर्मचारी दरबन्दीलाई समयसापेक्षना गराउने गरी निर्णय गरेको छ। बैठकले सार्वजनिक सेवा प्रवाहसँग प्रत्यक्ष सम्बन्ध राख्ने मन्त्रालय, निकाय, कार्यालयहरुले एक महिनाभित्र अनिवार्य संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने प्रबन्ध मिलाउने निर्णय गरेको छ। अर्थ मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा यो कार्य एक महिनाभित्रै गरिसक्न गरी सोमबार बसेको सचिव बैठकले निर्णय गरेको छ।

कतिपय सेवा दिने कार्यालयमा कर्मचारीको दबरन्दी कम भएर सेवा प्रवाह कमजोर भएको छ भने कतिपय कार्यालयमा कर्मचारी फुर्सदिला छन् । अहिलेको आवश्यकताका आधारमा दरबन्दी पुनरावलोकन गर्ने गरी सचिव बैठकले सयमसीमा तोकेरै काम गर्ने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले जनाएको छ ।जुन पहिल्यै हुनुपर्थ्यो। आर्थिक वर्ष २०८०/८१ को बजेटले सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाउने घोषणा गरेको थियो। 'सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मंसिर महिनाभित्र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्नुपर्नेछ,' वजेट वक्तव्यमा भनिएको थियो।

तर, अनावश्यक दरबन्दी घटाएर सार्वजनिक खर्च कटौती गर्ने र सार्वजनिक प्रशासनलाई चुस्त बनाउन भएको घोषणा अनुरुप समयमै दरबन्दी पुनरावलोकन सक्न अधिकांश मन्त्रालय र निकायहरू सफल भएनन्। कसरी सेवा प्रवाहमा सुधार गर्न सकिन्छ भनेर नसोचि दरबन्दी पुगेन भनेर गित गाउने प्रबृत्ति छ। सरकारी काम कहिले जाला घाम भनेझैं अवस्था अब रहन दिनु हुँदैन ।सेवाग्राहीलाई भगवान मान्ने सोचाइ आउन सकेमा कम जनशक्तिबाट धेरै काम गर्न सकिन्छ। नयाँ संगठन संरचना बनाउन भन्दा पहिलेको जे थियो त्यसकै आधारमा चल्ने प्रबृत्तिमा सुधार आवश्यक छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मात्रै नयाँ संगठन संरचना स्वीकृत भएको छ ।अरु मन्त्रालयले पनि काम कस्ले पहिले सक्ने प्रतिस्पर्धा गर्नुपर्छ । अबको निजामती कर्मचारी राणाकालीन जस्तो होइन आधुनिक हुनुपर्नेछ । बल्ल जनताले सेवा प्रवाहमा सुधार भएको अनुभूति गर्नेछन्।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यासित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# समावेशी वचतको १७ औं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

समावेशी बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-१ वगरको १७ औं वार्षिक साधारण सभा सोमबार सम्पन्न भएको छ।

संस्थाको साधारण सभामा विभिन्न व्यक्तिलाई सम्मान गरिएको छ। कार्यक्रममा ज्येष्ठ सदस्य तर्फ शरण श्रेष्ठ, अनुशाशित बचत सदस्य सीता अधिकारी, र असल ऋणिबाट वलराम भट्टराईलाई सम्मान गरिएको हो। कार्यक्रममा प्रमुख अतिथी पोखरा महानगर पालिकाकी उपप्रमुख मञ्जुदेवी गुरुङ र संस्थाकी अध्यक्ष सीता गुरुङले सम्मानित व्यत्तित्वलाई सम्मान गर्नुभएको थियो । साधारण सभामा संस्थाकी सचिव जीवन अधिकारी, कोषाध्यक्षको तर्फबाट सदस्य रामप्रसाद श्रेष्ठ, र लेखा समिति संयोजक रामप्रसाद अधिकारीले संस्थाको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। संस्थाको गत असार मसान्त सम्म चुक्ता पूर्जी १ करोड ३४ लाख २५ हजार, निक्षेप संकलन १ करोड ७६ लाख १ हजार ८४ र ऋण लगानी ३ करोड ३१ लाख रहेको छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथी पोखरा महानगर पालिकाकी उपप्रमुख मञ्जुदेवि गुरुङले सहकारीमा पछिल्लो समय देखिएको समस्याका वारेमा सचेत भएर अगाडि बढ्न शेयर सदस्यहरुलाई आग्रह गर्नुभयो।

'केहि सहकारी संस्थाले गर्दा सहकारीहरुमा अहिले विचलन र संकट पैदा भएको छ' उहाँले भन्नुभयो,'शेयर सदस्यहरु नै चनाखो भई सहकारीमा आउने विचलन र संकट हटाउनु पर्दछ।'

सहकारीका सात सिद्धान्त पूर्ण रुपमा पालना गरेको खण्डमा सहकारीमा कुनै समस्या नआउने उहाँले प्रष्ट पार्नुभयो। कार्यक्रममा पोखरा महानगर पालिका वडा नं. १ का वडा अध्यक्ष साहारा प्रधानले सहकारी संस्थाले आर्थिक कारोवारमा मात्र जोड नदिइ सामाजिक उत्तरदायित्व वहन गरेको उल्लखे गर्नुभयो । सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समितिका प्रथम उपाध्यक्ष मनपति भण्डारीले शेयर सदस्यहरुको सहकार्यले मात्रै संस्थालाई मजवुद वनाउन सकिने बताउनुभयो । कार्यक्रममा सेती मोदी बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष गंगाबहादुर गुरुङ, समावेशी बचत तथा ऋण सहकारी संस्थाका शिक्षा उपसमिति संयोजक कल्पना थापा, शेयर सदस्य गोपाल बहादुर गुरुङले बोल्नु भएको थियो।

समावेशी बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष सीता गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष रञ्जन कुमार बुद्धचार्याले स्वागत र सचिव जीवन अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# पोखरा रोयलको २३औं वार्षिक साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

"सुखी सदस्य, दिगो सहकारी" को परिकल्पना बोकेको पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाको २३औं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

सभाले सहकारी क्षेत्रमा देखिएको समसामयिक समस्या समाधान गर्न र सदस्य सेवाका लागि १० वटा संकल्प प्रस्ताव र सदस्यहरुलाई ९.४८% शेयर लाभांश प्रदान गर्ने प्रस्ताव समेत पारित गरेको छ । त्यसैगरि कारोबारको आधारमा बचत तर्फको कारोबारमा २.१३ प्रतिशत र ऋण तर्फको कारोबारमा २.२३ प्रतिशत अतिरिक्त लाभ वितरण गर्ने प्रस्ताव पारित गरेको छ। तीन वटा एकाई सभाहरु मार्फत सञ्चालन गरिएको वार्षिक साधारण सभा २०८१ असोज ३ गतेदेखि शुरु भई असोज ७ गते एकाई प्रतिनिधीहरुको निर्णय प्रमाणिकरण सभा गरि सम्पन्न भएको संस्थाका सूचना अधिकारी मीलन ढकालले जानकारी गराउनु भयो।

सभाले सदस्यहरुबाट प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा ग्रहण गर्ने, नियामक निकायबाट जारी निर्देशनको पालना गर्ने, सुखी सदस्य दिगो सहकारीको परिकल्पनालाई साकार पार्ने, वित्तीय सुशासनलाई पहिलो प्राथमिकतामा राख्ने, नीति, विधी र प्रविधीको उच्चतम प्रयोग गर्ने, वर्तमान असहज वित्तीय अवस्थालाई अवसरमा बदल्ने र पोखरा रोयल सहकारीलाई समुदायको पहिलो रोजाईको संस्था बनाउने जस्ता संकल्प प्रस्तावहरु पारित गरेको छ। यसरी नै संस्थाले सदस्य वृद्धि, बचत वृद्धि, ऋण वृद्धि र कूल वासलात वृद्धि गर्ने मिसन १०० जस्ता गतिविधी गर्ने समेत सभाले निर्णय गरेको छ।

यसै बीच सभाले उत्कृष्ठ कारोबार गर्ने सदस्य, उत्कृष्ठ कार्य गर्ने कर्मचारी र सहकारी अभियानमा योगदान गर्ने अभियन्ताहरुलाई समेत सम्मान गरेको छ। यसरी सम्मानित हुनेहरुमा प्रमुख कार्यकारी अधिकृत भीम गुरुङ्ग वर्ष २०२४ को उत्कृष्ठ सिईओ (नेफ्स्कून) घोषणा, केशवप्रसाद ढकाल कास्की बचत तथा ऋण सहकारी संघको लेखा समितिको संयोजकमा निर्वाचित, मूख्य प्रवन्धक मीलन ढकाल, प्रवन्धक परमेश्वर दाहाल र अधिकृत उमनाथ आचार्यलाई २५ वर्ष सेवा गरे वापत रजत सेवा पदक, अधिकृत विजया श्रेष्ठ, सुपरिवेक्षक मन्जु दाहाल र म्यासेन्जर पूजा गुरुङ्गलाई दशक सेवा पदकबाट सम्मान गरिएको छ। त्यसै गरि मदन कुमारी गुरुङ्ग र झमान सिंह गुरुङ्गलाई वर्ष उत्कृष्ठ सदस्य र म्यासेन्जर संगीता गुरुङ्ग वर्ष उत्कृष्ठ कर्मचारीको रुपमा सम्मानित हुनु भएको छ।

त्यसै गरि लघु बचत समूह तर्फबाट उत्कृष्ठ हुने केन्द्रहरुमा स्वाभिमान रोयल केन्द्र, वनपोखरी रोयल केन्द्र र अम्बिका रोयल केन्द्र रहेका छन् भने उत्कृष्ठ सेवाकेन्द्र तर्फ दुलेगौंडा सेवाकेन्द्र र उत्कृष्ठ बाल बचत तर्फ रोवेन थापालाई नगद र प्रमाणपत्रबाट सम्मान गरिएको सूचना अधिकारी ढकालले बताउनु भयो।

संस्थाका अध्यक्ष रुद्रकुमारी गुरुङ्गको अध्यक्षतामा भएको एकाई प्रतिनिधीहरुको निर्णय प्रमाणिकरण सभामा उपाध्यक्ष क्या.चन्द्रप्रसाद गुरुङ्ग, सचिव केशवप्रसाद ढकाल, लेखा समिति संयोजक हर्कबहादुर गुरुङ्ग, प्रमुख कार्यकारी अधिकृत भीम गुरुङ्ग, सल्लाहकार एक नारायण शर्मा ढकाल, मूख्य प्रवन्धक मीलन ढकाल तथा युवा उपसमिति संयोजक रोजिना श्रेष्ठ लगायतका वक्ताहरुले समितिको प्रतिवेदन, एकाई सभाको जानकारी र समसामयिक विषयमा प्रस्ट पार्नुभएको थियो। हाल संस्थाको सदस्य ९,३५६ जना रहेको छ भने संस्थाको कूल वासलात २ अर्ब ५२ करोड बराबरको रहेको छ।

# प्रभावकारी बन्यो बाख्रा र आलु जोन कार्यक्रम

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ असोज

बागलुङमा प्रधानमन्त्री कृषि परियोजनामार्फत सञ्चालन भएको आलु र बाख्रा जोन कार्यक्रमले उत्पादनमा वृद्धि गराएको छ । बागलुङमा आर्थिक वर्ष २०७५/७६ देखि आलु र आर्थिक वर्ष २०७८/७९ देखि बाख्रा जोन सञ्चालन हुँदै आएको छ।

बागलुङको उच्च पहाडी क्षेत्रमा आलु र बाख्राको सम्भावना र प्रशस्त चरन क्षेत्र भएको ठाउँमा बाख्रा जोन क्षेत्र बनाएर उत्पादनमा वृद्धि भइरहेको छ। प्रधानमन्त्री कृषि परियोजनामार्फत आलु जोन कार्यक्रमले बागलुङका पाँच पालिकाका केही वडालाई समेटिएको छभने बाख्रा जोन कार्यक्रमले तीन पालिकाका केही वडालाई समेटिएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण प्ररियोजनाका निमित्त वरिष्ठ कृषि अधिकृत नारायण पौडेलले आलु जोन कार्यक्रमले १२ प्रतिशत उत्पादनमा वृद्धि गराएको र बाख्रा जोन कार्यक्रमले ५५ प्रतिशत उत्पादनमा वृद्धि भएको बताउनुभयो । आलु र बाख्रा जोन कार्यक्रमले आलु तथा मासुको उत्पादनमा समेत वृद्धि गराउन सफल गराएको छ। बागलुङको उच्च पहाडी क्षेत्रमा पाइने आलु निकै स्वादिष्ट भएकाले यहाँको आलुको उत्पादन बढाउन आलु जोन सञ्चालन गरिएको हो।

बागलुङको ढोरपाटन नगरपालिका, बडिगाड गाउँपालिका, ताराखोला गाउँपालिका, गलकोट नगरपालिका, निसीखोला गाउँपालिकाका केही वडा समेटेर सञ्चालन गरिएको आलु जोनले आलुको उत्पादनमा १२ प्रतिशले उत्पादन बढाएको तथ्याङ्क रहेको छ । "बागलुङमा आलु र बाख्राको निकै सम्भावना छ, चालु आर्थिक वर्षदेखि अलैंचीको जोनसमेत निर्माण गर्न थालिएको छ, आलु र बाख्रा जोन कार्यक्रमबाट किसानले आलु र मासुको उत्पादनमा वृद्धि गरेको पाइएको छ, हामीले परियोजनामार्फत प्राविधिक सहयोग, सिँचाइ, बीउ, खोर सुधारलगायत कार्यक्रममा सहयोग गरेका छौं", पौडेलले भन्नुभयो, "बागलुङमा क्रमशः अलैंची जोन, गाई तथा भैंसी जोन र त्यसपछि धान जोनको कार्यक्रम ल्याउने लक्ष्य रहेको छ, चालु आर्थिक वर्षमा अलैंची जोन बनाउन बजेटसमेत विनियोजन गरेका छौं, बागलुङको जैमिनी नगरपालिका, काठेखोला, ताराखोला र बरेङ गाउँपालिका तथा गलकोटसहित आठ स्थानीय तहलाई समेटेर अलैंची जोन बनाउने तयारी छ।" यस्तै, बागलुङ नगरपालिका, जैमिनी नगरपालिका र बरेङ गाउँपालिकाका केही वडालाई समेटिएर आर्थिक वर्ष २०७८/७९ देखि सुरु भएको बाख्रा जोन कार्यक्रमले मासुको उत्पादनमा ५५ प्रतिशतले वृद्धि गरेको निमित्त प्रमुख पौडेलले जानकारी दिनुभयो। बाख्रा जोन सुरु हुँदा २६ हजार ६७५ बाख्रा रहेकामा हाल बाख्राको सङ्ख्या बढेर ४१ हजार ५१३ पुगेको छ। आलु जोन बागलुङका पाँच पालिकाको ६१० हेक्टर क्षेत्रफलमा फैलिएको छ। आलु जोन कार्यक्रम बागलुङसँगै छिमेकी जिल्लाको मालिका र मदाने गाउँपालिकाका केही वडासमेत समेटिएको छ।

यस्तै, बाख्रा जोन कार्यक्रमले तीन पालिकाको २९ बाख्रा फर्मलाई समेटिएको छ। जोनअन्तर्गत बीउपुँजी, यान्त्रिकीकरण, खोर सुधार तथा बजारीकरणका लागि परियोजनाले सघाउँदै आएको पौडेलको भनाइ छ। आलु जोन कार्यक्रम बागलुङमा तीन समूहमार्फत सञ्चालन भइरहेको छभने बाख्रा जोन कार्यक्रम २६ निजी उद्यमी, दुई सहकारी र एक समूहले सञ्चालन गर्दै आएको छ। आलु र बाख्रा जोन प्रभावकारी बन्दै गएपछि बागलुङ र पर्वतका केही पालिकालाई समेटेर अलैंची जोन बनाउन थालिएको छ । अलैंची जोन बनाउनका लागि चालु आर्थिक वर्षमा रु एक करोड दुई लाख बजेट विनियोजन भएको छ । अलैंची जोनका लागि घुम्ती तालिम, अलैंचीको समस्या निदान, क्षेत्रफल विस्तार, यन्त्र उपकरण वितरण, सिँचाइ पूर्वाधार निर्माण तथा सुधारिएको आधुनिक भट्टी निर्माणको काम यस वर्षदेखि थालिनेछ।

# नेपाली कागज उद्योग सञ्चालन भएपछि लोक्ताको सदुपयोग

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ असोज



नेपाली हातेकागज उद्योग सञ्चालन भएपछि म्याग्दीको लेकाली क्षेत्रको जङ्गलमा पाइने अर्गेलीको लोक्ता सदुपयोग हुन थालेको छ।

नेपाली कागज बनाउन कच्चा पदार्थका रूपमा प्रयोग हुने लोक्ता बेचेर गाउँलेले आम्दानी गर्न थालेका हुन् । मालिका गाउँपालिका-३ पात्लेको बराहताल सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष धनबहादुर रोकाले गाउँबाटै प्रतिकिलो रु एक सय सातका दरले लोक्ता बिक्री हुने बताउनुभयो । "दरवाङ थापाचौर र तमानखोलाको नेपाली कागज उद्योगका लागि आवश्यक कच्चा पदार्थ लोक्ता सङ्कलन गर्न वन समूहको कार्ययोजनाअनुसार १५ वर्षपछि खुला गरिएको छ", उहाँले भन्नुभयो, "फुर्सदको समयमा जङ्गलको लोक्ता सङ्कलन गरेर उपभोक्ताले आम्दानी गरेका छन्।" यसअघि मालिका-३ अदिभारामा रहेको मालिका हातेकागज उद्योग गत भदौमा थापाचौरमा स्थानान्तरण गरी पुनःसञ्चालन भएपछि लोक्ता बिक्री हुन थालेको हो । उद्योग बन्द हुँदा जङ्गलमा लोक्ता खेर गइरहेको थियो । म्याग्दीमा हाल उक्त हातेकागज उद्योग मात्र सञ्चालनमा छ । पाखापानी र लमसुङमा रहेको हाते कागज उद्योग बन्द छन्। नागीको उद्योग आंशिक रूपमा सञ्चालनमा छ। माघदेखि वैशाखसम्म लोक्ता निकाल्ने गरिएको बासराते सामुदायिक उपभोक्ता समूह जेमका अध्यक्ष सतप्रसाद पुनले बताउनुभयो । कागज उद्योग सञ्चालन भएपछि लोक्ताको सदुपयोग भएको उहाँले बताउनुभयो । जङ्गलमा गाईवस्तु चराउने क्रममा गोठालाहरूले लोक्ता सङ्कलन गर्छन्। बराहताल, बासरातेलगायत मालिका गाउँपालिकाको २, ३, ४ र ५ नम्बर वडाका सामुदायिक वन समूहका ८५ जनाबाट मालिका कागज उद्योगले यस वर्ष चार हजार किलोग्राम लोक्ता खरिद गरेको सञ्चालक मोतिराज गौतमले बताउनुभयो। "एकजनाबाट अधिकतम रु ३० हजारसम्मको लोक्ता खरिद भएको छ", उहाँले भन्नुभयो, "एक जनाले सरदर रु १० देखि १५ हजारका दरले आम्दानी गरेका छन्।" समुद्री सतहबाट तीन हजारदेखि तीन हजार पाँच सय मिटर उचाइको जङ्गलमा पाइने अर्गेलीको लोक्ता प्रशोधन गरेर नेपाली कागज तयार पारिन्छ । सुकेको लोक्तालाई एक हप्तासम्म पानीमा भिजाउने, पकाएर बनेको लेदोलाई आवश्यकतानुसार विभिन्न आकारको जाली भएको फ्रेममा राखेर घाममा सुकाएपछि नेपाली कागज तयार हुन्छ। नेपाली कागजमा लेखेको अक्षर नउड्ने भएकाले लामो अवधिसम्म रहने अभिलेख प्रिन्ट गर्न प्रयोग हुन्छ।

अदालत, प्रहरी, प्रशासन, स्थानीय तह, सहकारी, बैंक, वित्तीय संस्थाहरूले महत्त्वपूर्ण प्रतिवेदन, अभिलेख र निर्णय तथा पत्रका लागि नेपाली हातेकागज प्रयोग गर्छन्। समुदायस्तरमा चिना, तमसुक लेख्न पनि नेपाली कागज प्रयोग गर्ने चलन छ । म्याग्दीमा उत्पादन हुने नेपाली कागज जिल्लाभित्रका साथै, बागलुङ, कास्की र काठमाडौंमा खपत हुने गरेको छ। आकार र तौलअनुसार फरक-फरक मूल्यमा कागज बिक्री हुन्छ। सबैभन्दा कम चार दशमलव पाँच ग्रामको एउटा कागजको साढे चार रुपैयाँ पर्छ।


# सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०८)

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ०६ स्थित, लेकसाइड, लालुपाते मार्गमा टेम्पल वेल वुटिक होटल एण्ड स्पा प्रा.लि.द्धारा ३९ कोठा ६३ शैयामा निर्माणधिन रहेको टेम्पल वेल वुटिक होटल एण्ड स्पालाई ६१ कोठा ९५ शैया क्षमतामा स्तरोन्नती गर्न लागिएको हुँदा यससँग सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि होटल निर्माणाधिन रहेको स्थलमा मिति २०८१/०६/१५ गते मंगलबारका दिन बिहान ९:०० बजे सरोकारवालाहरुको उपस्थितीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु।

**आयोजक**

**श्री टेम्पल वेल वुटिक होटल एण्ड स्पा प्रा.लि.**

**पोखरा महानगरपालिका-६, कास्की**

# सामुदायिक विद्यालयले विद्यार्थीलाई टपरी र चकटी बनाउने सीप सिकाउँदै

पोखरापत्र संवाददाता
तनहुँ, ७ असोज



तनहुँका केही विद्यालयले विद्यार्थीलाई सीपमूलक सीप सिकाउन थालेका छन् । भानु नगरपालिकास्थित सामुदायिक विद्यालयले विद्यार्थीलाई टपरी र चकटी बनाउने प्रयोगात्मक सीप सिकाउन थालेका हुन् ।

पढाइसँगै जीवनपयोगी सीपलाई जोड्ने भानु नगरपालिका-८ स्थित मनोहर माध्यमिक विद्यालयले विद्यार्थीलाई टपरी बुन्ने सीप सिकाउन थालेको प्रधानाध्यापक हरिमा नेपालीले जानकारी दिनुभयो । पुरानो पुस्ताबाट नयाँ पुस्तामा सीप हस्तान्तरण गर्ने उद्देश्यसहित विद्यार्थीलाई दुना, टपरी बनाउने सीप प्रदान गरिएको नेपालीको भनाइ छ ।

पछिल्लो समय आल्मुनियम कागज प्लेटको प्रयोग बढेपछि दुना टपरीको चलन लोप हुँदै गएको छ । अहिलेका कतिपय युवापुस्तालाई सालको पातबाट बनाइने दुना टपरीको ज्ञान पनि नभएको नेपालीको भनाइ छ ।

त्यस्तै भानु नगरपालिका-६ सिम्पानीस्थित प्रभात आधारभूत विद्यालयले मकैको खोस्टाबाट विद्यार्थीलाई चकटी बनाउने सीप सिकाएको छ । विद्यालयले 'पुस्तकरहित शुक्रबार' कार्यक्रममार्फत प्रत्येक हप्ताको शुक्रबार सीपमूलक तालिम सञ्चालन गर्न थालेको हो । विद्यार्थीलाई पढाइसँगै सीपमा अब्बल बनाउने उद्देश्यसहित मकैको खोस्टाबाट चकटी निर्माण गर्न सिकाइएको विद्यालयका प्रधानाध्यापक चिजकुमार सुर्खालीले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यार्थीको रुचिअनुसार कम्प्युटर मर्मत, चित्रकला, हाजिरीजवाफ, विद्युतीय वायरिङलगायत सीप सिकाउन थालिएको छ । विद्यालयका शिक्षिका मानकुमारी खवास, प्रतिमा खड्गी, रेखबहादुर थापाले विद्यार्थीलाई मकैको खोस्टाबाट चकटी बनाउन सिकाउनुभएको थियो । विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यार्थीको सीप र क्षमता वृद्धिमा सहयोग पुग्ने भानु नगरपालिकाका शिक्षा शाखा प्रमुख ध्रुवराज पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बालबालिकामा जीवनपयोगी सीपको व्यावहारिक अभ्यास सुरु गरेर केही विद्यालयले अनुकरणीय प्रयास गरेका छन्, यसलाई निरन्तरता दिनुपर्छ ।"

### असहाय बालबालिकालाई पढाउँदै व्यास

व्यास नगरपालिकाले दुई टुहुरा विद्यार्थीको अभिभावकत्व ग्रहण गरेको छ । व्यास नगरपालिका-१३ छाब्दी निवासी दुई टुहुरा बालबालिकालाई अध्ययन, खानबस्नको सम्पूर्ण व्यवस्थापन गर्ने गरी नगरपालिकाले अभिभावकत्व ग्रहण गरेको हो । बाबुआमा बितेपछि अरुको घरमा काम गर्न बसेका दुवै जनालाई आइतबार नगरप्रमुख वैकुण्ठ न्यौपाने, वडाध्यक्ष बसन्त आलेले अभिभावकत्व ग्रहण गर्दै नगरपालिकाले स्थापना गरेको व्यास नगर समता विद्यालयमा भर्ना गरिएको छ । कक्षा १ र ६ मा अध्ययनरत उनीहरु अब आवासीय विद्यालय नगर समता विद्यालयमा बसेर अध्ययन गर्नेछन् । विपन्न, असहाय, टुहुरा बालबालिकालाई अध्ययनमा सहयोग पुर्‍याउने उद्देश्यले नगरपालिकाले व्यास नगरपालिका-७ मा नगर समता विद्यालय स्थापना गरेको छ ।

उक्त विद्यालयमा हाल ५३ जना बालबालिका अध्ययन गर्छन् । नगरपालिकाले यस विद्यालयलाई देशकै नमूना विद्यालयका रूपमा विकास गर्दै लैजाने लक्ष्य लिएको नगरप्रमुख न्यौपानेको भनाइ छ । उहाँले भन्नुभयो, "यहाँ अध्ययन गर्ने बालबालिकाको सम्पूर्ण जिम्मेवारी नगरपालिकाले नै बहन गर्दै आइरहेको छ ।" न्यौपानेका अनुसार विद्यालयमा अध्ययनरत विद्यार्थीलाई खान, बस्नको व्यवस्थापन समेत यही गरिएको छ ।

बन्द अवस्थामा रहेको क्यामिनकोट प्राथमिक विद्यालयलाई गत वर्षदेखि समता विद्यालयको रुपमा सञ्चालन गरिएको छ । विद्यालयमा अति विपन्न, अभिभावकविहीन, शिक्षाको पहुँचमा नरहेका बालबालिकालाई अध्ययनको व्यवस्था मिलाइएको वडाध्यक्ष कृष्णप्रसाद न्यौपानेले जानकारी दिनुभयो । विद्यालयमा हाल कक्षा ६ सम्म अध्यापन हुँदै आएको छ । निकट भविष्यमा कक्षा थप गरिने योजना बनाइएको छ ।

# पर्वत अस्पतालले स्वास्थ्य बीमाको रकम पाएन

पोखरापत्र संवाददाता
पोखरा, ७ असोज

लामो समयदेखि स्वास्थ्य बीमाको रकम भुक्तानी नपाउँदा पर्वत अस्पताल समस्यामा परेको छ ।

स्वास्थ्य बीमा गरेका बिरामीको उपचार हुने जिल्लाको एकमात्र अस्पतालले झण्डै रु तीन करोड भुक्तानी पाउन नसकेको हो । गत आर्थिक वर्षदेखिको स्वास्थ्य बीमा तथा डाइलाइसिसबापतको रु दुई करोड ९५ लाख १७ हजार पाँच सय २२ रकम भुक्तानी लिन नसक्दा अस्पतालका अन्य सेवा प्रभावित बनेको प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा हेमन्त बाँस्तोलाले जानकारी दिनुभयो ।

अस्पतालले स्वास्थ्य बीमा गरेका बिरामीको परीक्षण गरेबापत सरकारले उक्त रकम भुक्तानी गर्नुपर्ने हुन्छ । तर सरकारले समयमा रकम भुक्तानी नदिँदा भुक्तानी रकम बढ्दै गएको उहाँले बताउनुभयो । स्वास्थ्य बीमाको रकम भुक्तानी नपाँउदा औषधि तथा उपकरण खरिद, कर्मचारीको तलबभत्ता भुक्तानी तथा अन्य नियमित काममा समस्या परेको डा बाँस्तोलाले बताउनुभयो । रकम भुक्तानीका लागि पटकपटक माग गर्दा पनि सुनुवाइ नभएको उहाँको भनाइ छ ।स्वास्थ्य बीमा गरेका बिरामी सामान्य समस्या पर्दा पनि अस्पताल आइपुग्नुहुन्छ, उनीहरूलाई सेवा दिनैपर्छ, तर मन्त्रालयले भुक्तानी दिन ढिलाइ गर्दा ती सेवाग्राहीलाई आवश्यक औषधि, सहायता सामग्रीलगायत ल्याबसम्बन्धी सेवा दिन समस्या भइरहेको छ । अस्पताल व्यवस्थापन समितिको कोषवाट जेनतेन अहिलेसम्म व्यवस्थापन गरिएको भए पनि अब सङ्कट सिर्जना हुन थालेको उहाँको भनाइ छ । "अहिले डेङ्गीको जोखिम छ, बिरामीले अस्पताल भरिभराउ छ, सरकारले दिएको डेङ्गी परीक्षण कीटले नपुगेर अस्पताल व्यवस्थापन समितिले आफैँ खरिद गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "सरकारबाट बीमाको रकम भुक्तानी नआउँदा खरिद प्रक्रियासमेत अवरोध भइरहेको छ ।"

पर्वतमा स्वास्थ्य बीमामा आबद्ध भएका झण्डै ४२ प्रतिशत नागरिकले अस्पतालबाट सेवा लिने गरेका छन् । सरकारले देशभरका सबै अस्पतालका लागि तोकेको दररेटको रकम दिने गरेको भए पनि त्यो रकम बर्सेनि भुक्तानी लिन समस्या पर्ने गरेको पर्वत अस्पताल व्यवस्थापन समितिका अध्यक्ष शङ्कर गिरीले बताउनुभयो । स्वास्थ्य बीमा बोर्ड अस्पतालबाट प्राप्त बिल भर्पाइका आधारमा उक्त रकम स्वास्थ्य मन्त्रालयमा माग गरिएको भए पनि भुक्तानी नआउँदा अस्पताल सङ्कटमा पर्न थालेको उहाँको भनाइ छ ।

एक परिवारका लागि रु तीन हजार पाँच सयको प्रिमियम भुक्तानी गर्दा पाँच जनाका लागि सरकारले रु एक लाख बराबरको बीमा रकम भुक्तानी दिने गर्दछ । पाँच जनाभन्दा बढी सदस्य रहेको साधरण परिवारको हकमा प्रतिसदस्य थप रु सात सय योगदान रकम बुझाउनुपर्नेछ र उपचार सुविधामा रु एक लाखमा २० हजारका दरले थप्दै प्रतिवर्ष अधिकतम रु दुई लाखसम्मको उपचार सुविधा पाउने प्रावधान छ ।

### ६० हजार बिरामीले लिए सेवा

अस्पतालमा पछिल्ला केही वर्षयता बिरामीको सङ्ख्या उल्लेख्य मात्रामा बढ्दै गएको छ । अस्पतालको नयाँ भौतिक संरचना निर्माणसँगै १५ शय्याबाट ५० शय्यामा स्तरोन्नति भएपछि बिरामीको सङ्ख्या उल्लेख्य मात्रामा बढेको हो । आव २०८०/८१ मा झण्डै ६० हजार बिरामीको उपचार गरिएको पर्वत अस्पतालले जनाएको छ । मेडिकल सुपरिटेन्डेन्ट डा बाँस्तोलाका अनुसार सीमित स्रोत र जनशक्तिका बीच बिरामी उल्लेख्य मात्रामा उपचारका लागि आएको बताउनुभयो ।

उहाँका अनुसार आव २०७९/८० मा ५२ हजार चार सय ६६ जनाको उपचारका लागि आएका थिए भने त्यसभन्दा अघिल्लो वर्ष ३९ हजार बिरामीले सेवा लिएका थिए । अस्पतालबाट विशेषज्ञ सुविधासँगै ५० शय्यामा विस्तार भएपछि विगतका वर्षहरुमा भन्दा सेवाग्राहीको चाप ह्वात्तै बढेको छ । दुई वर्ष अगाडि दैनिक एकदेखि डेढ सय जानाको स्वास्थ्य परीक्षण हुने गरेकामा अहिले दैनिक करिब तीन सय पुगेको छ ।

भौतिक संरचना निर्माण र सेवा विस्तार भए पनि सरकारले ५० शय्याको अनुमति नदिँदा समस्या भइरहेको डा बास्तोलाले बताउनुभयो । अस्पतालमा अझै बाल रोग विशेषज्ञ, स्त्री तथा प्रसूति रोग विशेषज्ञ, हाडजोर्नी विशेषज्ञलगायतको अभाव रहेको उहाँको भनाइ छ । अहिले अस्पतालवाट नियमित स्वास्थ्य परीक्षणसँगै १० शय्याको डायलासिस सेवा, आँखा रोग, दन्त रोग, शल्यक्रियामार्फत सुत्केरी सेवा, हाइड्रोसिल, हर्निया, एपेन्डिसाइटिसलगायत सामान्य खालका शल्यक्रिया सेवा, इसिजी, एक्सरेलगायतका सेवा सञ्चालन भइरहेका छन् ।

दक्ष जनशक्तिकै अभावमा अस्पतालमा रहेका आइसीयू र भेन्टिलेटर विगत पाँच वर्षदेखि थन्किएका छन् । सरकारले जनशक्ति दिएर तिनलाई समेत प्रयोगमा ल्याउन पाए अस्पतालको विश्वास अझै बढ्ने डा बास्तोला बताउनुहुन्छ ।

# मनाङमा खेलकुदसँगै हिउँचितुवा र याक संरक्षणको पहल

रासस
मनाङ, ७ असोज

हिमाली जिल्ला मनाङमा अहिले खेलकुद भव्य रूपमा चलिरहेको छ । यहाँ 'याक र हिउँचितुवा'को संरक्षणका लागि हाइअल्टिच्युडमा दोस्रो मैत्रीपूर्ण फुटबल खेल रौनकले मनाङवासी व्यस्त छन् ।

बायोकोस नेपाल (जैविक विविधता संरक्षण समाज नेपाल) र एन्ट फाउण्डेशनको संयुक्त आयोजनामा मनाङमा यस मैत्रीपूर्ण खेलले निरन्तरता पाइरहेको छ।मनाङकोप्रकृतिको संरक्षणलाई प्राथमिकता दिएर स्थानीयवासीमा हिउँचितुवा, याकलगायत वन्यजन्तुको संरक्षणमा लाग्न अभिप्रेरित गर्ने, मानव र वन्यजन्तुबीचको सहअस्तित्व कायम गर्ने, जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारिरहेको असरका बारेमा सूचित गर्ने तथा पर्यापर्यटन प्रवर्द्धनमा प्रोत्साहन गर्ने उद्देश्यले खेल आयोजना गरिएको पर्यटन व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले बताउनुभयो । यही असोज ३ देखि ७ गतेसम्म समुद्री सतहबाट दुई हजार छ सय मिटर उचाइमा रहेको तिमाङमा पहिलो खेल भइरहेको छ । त्यस्तै तीन हजार पाँच सय मिटर उचाइमा रहेको मुङ्जीमा अवस्थित मैदानमा यही असोज ६ गते मैत्रीपूर्ण खेल प्रदर्शन हुने जैविक विविधता संरक्षण समाज नेपालका निर्देशक डा पारसविक्रम सिंहले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "मनाङको जैविक विविधताको संरक्षणका लागि खेलकुदको माध्यमबाट यहाँका स्थानीयवासीमा सचेतना र सुसूचित गराउने उद्देश्यले मैत्रीपूर्ण खेल गर्दै आएका छौँ । यसले यहाँको जैविक विविधता संरक्षणका लागि हाम्रो जीवनसँग जोडिएको हिउँचितुवा र याक महत्त्वपूर्ण छन् । यीबिना हाम्रो जीवन छैन । जसले गर्दा प्रचारप्रसारका साथै पर्यटन प्रवर्द्धनमाटेवापुर्‍याउनकार्यक्रम गर्दै आएका छौँ ।" स्पर्धामा टोली हिमालयन स्नो लिवपर्ड (राष्ट्रियस्तरका ख्यातिप्राप्त खेलाडी, कलाकार, गायक, विभिन्न सौन्दर्य प्रतियोगिताका विजेता) र स्थानीय खेलाडी टोली कान्जिसरा याक र मनाङ डिस्याङ याक स्थानीय युवाहरू)बीच मैत्रीपूर्ण फुटबल प्रतिस्पर्धा गराइने आयोजक एन्ट फाउण्डेशनका संस्थापक प्रशान्त ताम्राकारले जानकारी दिनुभयो । उहाँका अनुसार काजिनसरा याकको खेल सकिएको छ भने मनाङ डिस्याङ याकको खेल आज हुँदैछ । हिमालयन स्नो लिवपर्डमा कालाकार प्रशान्त ताम्राकार, मेनुका प्रधान, सुशील श्रेष्ठ, रेशमा पुन र असुसेन लामा रहनुभएको छ ।

यस्तै खेलाडी अनिल गुरुङ, अस्मिता रान्पाल, राजेन्द्र लामा र विनोद डङ्गोल रहनुभएको छ । प्रतिस्पर्धामा मिस नेपाल वर्ल्ड आस्माकुमारी केसी, मिस्टर नेपाल सन्तोष लोकसुम, पर्वतारोही माया शेर्पा, निर्देशक (हिमालयन रोडिज, पोयट आइडोल) अमन प्रताप अधिकारी, संरक्षणविद् डा पारसविक्रम सिंह, आँखा विशेषज्ञ डा किशोर प्रधान र उद्घोषक महिमा पण्डित भट्टराई रहेको आन्ट फाउण्डेशनले जनाएको छ । मनाङको चामे र मनाङ डिस्याङ गाउँपालिकाको सहकार्य तथा राष्ट्रिय प्रकृति संरक्षण कोष- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, संरक्षण क्षेत्र व्यवस्थापन समिति, खेलकुद विकास समिति, जिल्ला फुटबल सङ्घ मनाङको सहभागिता तथा नमस्ते मनाङको संयोजन रहेको छ । मैत्रीपूर्ण खेलले यहाँका स्थानीयमा सचेतना जगाउन टेवा पुगेको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताउनुभयो ।

उहाँले भन्नुभयो, "गत वर्ष आयोजना भएको मैत्रीपूर्ण खेलमा भएको सूचनाले यहाँका स्थानीयवासीमा हिउँचितुवा, याकका साथै हाम्रो जीवनसँग परस्पर जोडिएको जीवजन्तुको संरक्षण गर्नुपर्ने रहेछ भनेर सचेत भएको पाएका छौँ ।"

जैविक विविधताको संरक्षणमा लाग्न प्रोत्साहन गर्ने उद्देश्यले नै खेलकुदको माध्यमबाट सचेतना फैलाउन लागिपरेको हो । यसले जिल्लाका स्थानीय तह र आम नागरिकमा सचेतना वृद्धि भएको स्थानीय बताउँछन् । केही स्थानीय तहले वन्यजन्तुको संरक्षणका लागि विशेष रूपमा नै बजेटको व्यवस्थापनमा समेत जोड दिँदै आएको छ । 'हिउँचितुवा र याकका लागि सँगसँगै' भन्ने नाराका साथ जिल्लाका विभिन्न स्थानमा मैत्रीपूर्ण फुटबल खेल सञ्चालन भइरहेका छन् ।

## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०५/१६ मा दर्ता भएको प्रा.लि. द. नं ५५७७२ को सुमु इन्टरप्राइजेज (प्रा.लि.) कम्पनीको मिति २०८१/०६/०४ मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खरेजी (लिक्विडेशन) मा लैजाने बिशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन। कानुन बमोजिम भई जाने ब्यहोरा सूचित गरिन्छ।

**दामासायी ब्यवसायी, लिक्विडेटरको कार्यालय: मणिराम नेपाल**
**इजाजत नं. ५८२**
**सम्पर्क: ९८४७०६१५५४**

## बाराही बचत तथा ऋण सहकारी संस्था लि.

**बिरौटा, पोखरा-१७**
**फोन नं.: ०६१-४६३१८७**

## २५ औं बार्षिक साधारण सभामा उपस्थित हुने बारे ।

यस बाराही बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८१ भाद्र ०९ गते सम्पन्न संस्थाको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको २५औं बार्षिक साधारण सभाको कार्यक्रम निम्न मिति, समय र स्थानमा हुन गइरहेको हुँदा उक्त कार्यक्रममा यहाँको अनिवार्य उपस्थितिको लागि विनम्र अनुरोध गर्दछु।

**छलफल तथा पारित गरिने प्रस्तावहरु:**
- कोषाध्यक्षद्वारा प्रस्तुत संस्थाको आ.व २०८१/०८२ को प्रस्तावित बार्षिक कार्यक्रम तथा बजेट।
- अध्यक्षद्वारा प्रस्तुत संस्थाको सञ्चालक समितिको प्रतिवेदन उपर छलफल तथा पारित।
- लेखा समितिको प्रतिवेदन छलफल तथा पारित।
- आ.व. २०८०/०८१ को संस्थाको लेखा परीक्षण प्रतिवेदन छलफल तथा पारित।
- आ.व. २०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति एवं निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
- निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि तोक्ने सम्बन्धमा।
- विविध।

**कार्यक्रम**
**मिति– २०८१ असोज १९ गते शनिबार।**
**समय – बिहान १०:३० बजे।**
**स्थान – रोयल महल (बिरौटा चोकदेखि १०० मिटर ड्यामसाईड तर्फ)**

**पुनश्च** : साधारण सभामा शेयर सदस्य स्वयम् उपस्थित हुनुहोला। यस वर्ष कक्षा १२ मा, सस्थाका शेयर सदस्यका छोरा र छोरी मध्येबाट १/१ जना उत्कृष्ट हुने बाबुनानीहरुलाई पुरस्कार तथा सम्मानको कार्यक्रम भएको हुँदा यदि तपाईं, शेयर सदस्यहरुका छोराछोरीले यसै वर्ष कक्षा १२ परीक्षा उत्तीर्ण गर्नुभएको भए प्राप्त लब्धाङ्क-पत्रको फोटोकपी मिति ०८१ असोज १० गतेसम्ममा संस्थामा उपलब्ध गराईदिनुहोला। )
(**नोट** : सभामा उपस्थित हुने शेयर सदस्यहरुलाई यातायात खर्च वापत रु.१०००।- ब्यवस्था गरिएको छ।)

खिम बहादुर पहारी
(सचिव)